बैठक संख्या २

आज मिति २०८३/०५/०९ गते मंगलवारका दिन यस आ.व. २०८३/०८४ अन्तर्गत रामपुर नगर कार्यपालिकाको दोस्रो कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिकाको बैठकको समीक्षा सम्बन्धमा ।
२. आ.व. २०८३/०८४ अन्तर्गतका ठेक्का सम्बन्धी छलफल ।
३. योजना कार्यान्वयन सम्बन्धमा छलफल ।
४. विविध

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रामपुर नगरपालिका नगर कार्यपालिकाको २०८३/०४/०१ गते बसेको पहिलो कार्यपालिका बैठकको समीक्षा तपसिल बमोजिम गरियो ।

क) रामपुर नगरपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट सम्पादन गरिएका कार्यहरुको प्रगति समिक्षा गरिएको ।

ख) रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन, प्रमाणीकरण, सूचना प्रणालीमा प्रविष्ट लगायतका कार्यहरु अनवरत रुपमा गर्दा पनि अषाढ मसान्त भित्र लगत संकलन तथा प्रमाणीकरणको कार्य सम्पन्न गर्न नसकिने भएकोले उक्त कार्यको लागि म्याद थप गर्नका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,भूमि समस्या समाधान समिति,ताहाचल, काठमाडौंमा अनुरोध गरी पत्र पठाइएको ।

ग) अविरल वर्षातका कारण विभिन्न वडाहरूमा गएको बाढीपहिरोले सडक सञ्जाल क्षतिग्रस्त भई विद्यार्थी, एम्बुलेन्स तथा अन्य सवारी साधन आवतजावतमा गम्भीर अवरोध सिर्जना भएको र आकस्मिक स्वास्थ्य उपचार र विद्यालय जाने बालबालिकाको संवेदनशीलतालाई मध्यनजर गर्दै यातायात सेवालाई छिटो र सुरक्षित रूपमा सुचारु गर्नका लागि ग्राभेलिङ्ग गर्न अति आवश्यक रहेकोले रामपुर नगरपालिका वडा नं. २ को खयरबोट जाने झोलुङ्गे पुल माथि चामजरी चौरमा संचित रहेको नदीजन्य सामग्री  साथै उक्त मर्मतको खर्च नगरस्तरीय मर्मत खर्च शीर्षकबाट भुक्तानी हुने गरी प्रकृया अगाडि बढाइएको ।

घ) माथि उल्लेखित लगायत विभिन्न विषयहरुको सम्बन्धमा निर्णयहरु गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले रामपुर क्षेत्रभित्र भएर बहने कालीगण्डकी नदी र निस्दी खोलाको विभिन्न घाटहरुबाट नदिजन्य पदार्थहरु ढुङ्गा, गिट्टी तथा बालुवा आदिको उत्खनन्, संकलन तथा व्यवस्थापनको प्रारम्भिक कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्नका लागि तयार गरिएको Terms of References (TOR), Request For Proposal (RFP) बमोजिम प्रकृया स्वीकृत गरी अगाडी बढाउने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत आ.व. २०८३/०८४ अन्तर्गत विनियोजन गरिएका योजनाहरुको कार्यान्वयनका सम्बन्धमा भाद्र मसान्तभित्र उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका पदहरु रिक्त भएको हुदाँ तपसिल बमोजिमका पदहरुमा सेवा करारमा दरखास्त आह्वान गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | ०१/०८३/०८४ | वित्तीय साक्षरता सहजकर्ता (पाचौं तह) | १ |
| २ | ०२/०८३/०८४ | फिल्ड सहायक (चौथो) | १ |
| ३ | ०३/०८३/०८४ | नगर प्रहरी जवान (पुरुष) | ३ |
| | | नगर प्रहरी जवान (महिला) | २ |

५. निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | भुक्तानी पाउनेको नाम, थर | ठेगाना | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १. | टुक बहादुर राना | रा.न.पा-६ | निजको घरको गोठमा आगलागी भई क्षति भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | विपद व्यवस्थापन कोष शीर्षक |
| २. | शेषनाथ शर्मा | बरेङ, गाँउपालिका, बाग्लुङ | निज मधुमेह तथा प्याङ्क्रयाज रोगबाट पिडित | रु १०,०००/-(रु दश हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |
| ३. | जलाल दिन मिया | रा.न.पा- ४ | निजको श्रीमती सबुन मिया मुटुको बिरामी भई | रु १२,०००/- (रु बाह्र हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |
| ४. | बल बहादुर बोटे | रा.न.पा- ५ | कमल बोटेको शारीरिक समस्या भई उपचार गराइरहेको | रु १२,०००/- (रु बाह्र हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |
| ५. | नुन बहादुर रना | रा.न.पा- १० | निजको दुवै आँखामा समस्या आई शल्यक्रियाको लागि | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |
| ६. | श्री अन्नपुर्ण कृषक समूह | रा.न.पा- ४ | अविरल वर्षाको कारण कुलोमा पहिरो खसी कुलो क्षति भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |
| ७. | दिल बहादुर राना | रा.न.पा- १० | निजको खुट्टामा गहिरो चोट लागेको, आर्थिक अवस्था कमजोर | रु १२,०००/- (रु बाह्र हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |
| ८. | शान्ती लम्साल | रा.न.पा- ५ | निजको श्रीमान राजेन्द्र प्रसाद लम्साल मानसिक समस्या भई उपचार गराइरहेको | रु १२,०००/- (रु बाह्र हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |
| ९. | हाजिरा खातुन माझी | रा.न.पा- ४ | निजलाई एन्काइलोजिङ, स्पिन्डलाइटिस, हाइपोथायरायडिज्म र एन्सिटी डिसअर्डर रोग र आँखाको समस्या रहेको | रु २०,०००/-(रु बिस हजार मात्र) | औषधि उपचार खर्च शीर्षक |

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सडक पूर्वाधार विकास कार्यालय, तानसेन, पाल्पाको प.सं. २०८३/०८४, च.नं. १०६, मिति २०८३/०५/०३ गतेको पत्रानुसार उक्त कार्यालय अन्तर्गत निर्माण कार्य भइरहेको रातामाटा-कठान गाइटार प्याकलुक पक्कीपुल जोडने मोटरबाटो पीच गर्ने कार्यको लागि बेस तथा चिप्स आवश्यक भएको र सोको लागि रामपुर नगरपालिका वडा नं. ६, प्याकलुकमा ६ महिनाको लागि मोबाइल क्रसर राख्नको लागि रामपुर नगरपालिकालाई सिफारिस गरिदिनुहुन भनी निर्माण व्यवसायी श्री पशुपति निर्माण सेवा, मोबाइल निर्माण सेवा जे.भी. रामपुर न.पा.-०४ पाल्पाबाट उक्त कार्यालयमा निवेदन प्राप्त हुन आएकोले सो सडक निर्माण प्रयोजनको लागि मात्र आवश्यक पर्ने मटेरियल उत्पादनको लागि निर्माण व्यवसायीको माग बमोजिम रामपुर नगरपालिका वडा नं. ६ प्याकलुकमा ६ महिनाको लागि मोबाइल क्रसर राख्नको लागि सहजीकरण गरिदिनुहुन भनी लेखि आएकोले सोहि अनुसार सहजीकरण गर्ने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ७ बमोजिम गठित समितिबाट प्राप्त रामपुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन नगरपालिकाको १९ औ नगर सभाको बैठकमा पेश गर्ने गर्ने निर्णय गरियो ।